# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, मंसीर ११ गते २०३३ साल [ अतिरिक्ताङ्क ३० (क)

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### सूचना

विभूषण (पन्ध्रौं संशोधन) नियमावली, २०३३

विभूषण नियमावली, २०२३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट देहायबमोजिमको नियमावली स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "विभूषण (पन्ध्रौं संशोधन) नियमावली, २०३३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. विभूषण नियमावली, २०२३ को नियम २२ मा संशोधनः विभूषण नियमावली, २०२३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २२ को उप-नियम (१) को अन्त्यमा देहायको स्पष्टीकरण थपिएको छः–

"स्पष्टीकरणः– यो नियमको प्रयोजनको लागि श्री ५ को सरकारको निवृत्तभरण पाउने सेवामा रहेका व्यक्ति भन्नाले प्रचलित नेपाल कानूनबमोजिम निवृत्तभरण पाउने सेवामा रहेका संवैधानिक पदाधिकारीहरूलाई पनि जनाउँछ ।"

३. मूल नियमावलीको परिशिष्ट ६ मा संशोधनः मूल नियमावलीको परिशिष्ट ६ को सट्टा यसै साथ संलग्न परिशिष्ट ६ राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

509

## परिशिष्ट ६

### विभूषणको सिफारिश गर्ने फाराम

श्री ५ को सरकार

... ... ... मन्त्रालय ... ... विभाग

सचिवालय

नाम :–

दर्जा :–

| थम नियुक्तिको दर्जा र उमेर | हालको दर्जामा बढुवा भएको मिति र उमेर | जम्मा सेवा | पाएको विभूषणको नाम र मिति | कैफियत |
|---|---|---|---|---|
| | | | | |

**गरिने सिफारिशको पूर्ण विवरण**

विभागीय मन्त्री ... ... ... ...

सचिव ... ... ... ... ... ...

प्रमुख ... ... ... ...

हस्ताक्षर

हुकुम बक्से बमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका सचिव

502

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।